महागढीमाई नगरपालिका

# महागढीमाई राजपत्र

खण्ड: १ संख्याः १ मितिः २०७६/०४/२४

भाग-१

महागढीमाई नगरपालिका

## जात्रामेला ,चाडपर्व त्यसमा लाग्ने हाटबजार र मनोरंजन संचालन तथा व्यवस्थापन कार्यबिधि २०७६

प्रस्तावना :

महागढीमाई नगरपालिका क्षेत्रभित्र लाग्ने धार्मिक तथा सांस्कृतीक जात्रामेला, महोत्सव र त्यसमा लाग्ने हाटवजार संचालन तथा व्यवस्थपन र स्थानीय मौलिक्ता झल्कीने सांस्कृतीक रितीरिवाज, चाँडपर्वलाई संरक्षण, सम्वर्द्धन तथा प्रर्वधन गर्न गराउन वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ र दफा १२ अनुसार यो जात्रामेला ,चाडपर्व त्यसमा लाग्ने हाटबजार र मनोरंजन संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ जारी गरीएको छ ।

परिच्छेद -१

प्रारम्भिक

१. संक्षिप्त नाम : (क) यस कार्यविधीको नाम : जात्रामेला ,चाडपर्व त्यसमा लाग्ने हाटवजार र मनोरंजन संचालन तथा व्यवस्थापन कार्यविधी २०७६ रहने छ ।

(ख) महागढीमाई नगरपालिका क्षेत्रभित्र प्रत्येक पाँच वर्षमा लग्ने श्री गढीमाई जात्रामेला, काँटबासीमाई जात्रामेला , महाबिरी भण्डा जात्रामेला , रमनाकामना माई जात्रामेला, साउनी जात्रामेला,दुर्गापुजा जात्रामेला, दहा तजेया तथा परम्परागत अन्य जात्रामेला महोत्सव, ,र सोभा जात्रा संचालन तथा व्यवस्थापनकालागि योकार्यबिधी लागुहुने छ ।

(ग) यो कार्यविधि महागढीमाई नगरपालिकाको नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखी लागु हुने छ ।

**२. परिभाष :** बिषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा -

(क)" **धार्मिकस्थल** " भन्नाले महागढीमाई नगरपालिका क्षेत्रभित्र सार्वजनिक प्रयोगमा रहेका मठ, मन्दिर, गुम्वा,चर्च र मस्जिद समेतलाई सम्झनु पर्छ र सो शब्दले कुनै समुदायले आदर र भक्ति पुर्वक आस्था तथा बिस्वास गरिने त्यस्तै प्रकारका धार्मिक स्थल र स्थलले चर्चेको भवन र जग्गा समेत लाईजनाउ छ ।

(ख) "**पुजा** " भन्नाले धार्मिक स्थलमा विशेष समारोह आयोजना गरी वा परम्परा बमोजिम बिधि पुर्वक संचालन गर्ने धार्मिक कार्यलाई सम्झनु पर्छ ।

(ग)" **पुजारी** " भन्नाले पारिश्रमिक लिई वा नलिई बिधीपुर्वक पुजा संचालन गर्ने वा गराउने व्यक्ति सम्झनु पर्छ ।

(घ) "**भेटी** " भन्नाले धार्मिक स्थलमा श्रद्धापुर्वक अर्पण गरिने नगद ,द्रव्य पदार्थ र त्यसरी अर्पण गरिएका अन्य जुन सुकै जिन्सी सामानलाई समेत जनाउछ ।

(ङ) " **मुल समिति** " भन्नाले जात्रामेला ,चाडपर्व ,महोत्सव त्यसमा लाग्ने हाटबजार र मनोरंजन संचालन तथा व्यवस्थापनका लागि महागढीमाई नगरपालिका नगर सभा वा नगरकार्यपालिका वा वडाको हकमा वडासमितिबाट गठीत समितिलाई सम्झनु पर्छ ।

(च)" **उप समिति** " भन्नाले मुल समितिबाट कुनै निश्चित अवधी र निश्चित कार्यकालागि गठीत समतिलाई सम्झनु पर्छ

(छ) "**कर्मचारी** " भन्नाले मुल समितिले तोकेबमोजिमको कार्यगर्नकालागि निश्चित अवधीका लागि सेव करारमा मुल समितिबाट न्युक्त गरिएको व्यक्ति सम्झनु पर्छ ।

(ज) " **स्थानीय तह** " भन्नाले महागढीमाई नगरपालिकालाई जनाउछ ।

(झ) "**जात्रामेला** " परा पुर्वकाल देखी अस्था र विश्वासको अधारमा चलिआएको धर्म तथा संस्कृति झलकीने देबी देवताको पुजा अर्चना गर्न गराउन हेतु महागढीमाई नगरपालिका क्षेत्रभित्र लाग्ने लगाईने श्री गढीमाई पंच बषिय जात्रामेला , काटवासी माई जात्रामेला ,रामनाकामनामाई जात्रामेला, महाविरी भण्डा जात्रामेला , दुर्गापुजा जात्रामेला, विश्वकर्मा पुजा, रामनमी, कलश जात्रामेला, ईस्लाम धर्मवालम्बीहरुले लगाउने दहा / तजेया तथा अन्य परमपरागत जात्रामेला तथा सोमा हुने जमघट, सांस्कृति कार्यक्रम,मनोरंजनात्मक नृत्यकला समेत लाई जनाउछ ।

(त्र) " **पर्व** " यस नगरपालिकामा परा पुर्वकाल देखी मनाउदै आएको नागपचँमी , तिज, जिउतिया, रक्षावन्धन, गणेशचतुर्दशी,दशहरा, छठ, चैते छठ, ईद, कुर्वानी / बक्रिद, सोबरात, ,, कृष्ण अष्ठमी, महाशिवरात्री, अन्नत, खिचडी/मकर संक्रान्ती, करवाचौथ,समद(होलिकादहन), फगुवा, .दिपावली, गौउरा

पुजा, गोधन कुट, ,सोहरैया, चैते दशहरा, जुमदियरी, कार्तिक स्नान, माघे स्नान, खारना आदी समेत लाई सम्झनुपर्छ ।

(ट)" **कला संस्कृती** " यस नगरपालिका भित्रका विभिन्न जात जाती तथा समुदायले मनाईने वा गरिने कार्यहरु जस्तै : झिझिया, चकचाना, जाटजाटीन,समाचकेवा ,झरखी , ठकरा ,कुस्ती , धानको गव लगाउने समेतलाई जनाउछ ।

(ठ) " **जात्रामेला संगै लाग्ने हाट बजार** " परा पुर्वकाल देखी अस्था र विश्वासको अधारमा चलिआएको धर्म तथा संस्कृति झलकीने देवी देवताको पुजा अर्चना गर्न गराउन हेतु महागढीमाई नगरपालिका क्षेत्रभित्र लाग्ने लगाईने जात्रामेला राखिने थोक तथा खुद्रा पसल र मनोरंजनात्मक साधन श्रोत समेत लाई जनाउदछ ।

## परिच्छेद - २

## मुल समिति र उप समिति गठन सम्बन्धी व्यवस्था :

३. **मुल समिति** : (१) महागढीमाई नगरपालिका क्षेत्रभित्रका श्री गढीमाई पंच बर्षिय जात्रामेला र काटवासी माई जात्रामेला तथा अन्य जात्रामेला संगै लाग्ने हाट बजार र मनोरंजन संचालन व्यवस्थापन तथा रेखदेख गर्ने उदेश्यले महागढीमाई नगरपालिकाले सम्बनधीत वडाको वडा अध्यक्षको अध्यक्षतामा आवश्यक्ता अनुसार देहाय बमोजिमको पदाधिकारी र सदस्य रहने गरी जात्रामेला संगै लाग्ने हाट बजार मनोरंजन लगाएतका अधारभुत सेवा सुविधाको संचालन तथा व्यवस्थापनका लागि मुल समिति गठन गर्न सकिने छ ।

अध्यक्ष १ , उपाध्यक्ष १ , महसचिव १ ,कोषाध्यक्ष १ , सचिव १,सदस्यहरुमा महागढीमाई नगरपालिकाका वडा अध्यक्ष,कार्यपालिका सदस्यहरू, नगरपालिका स्थित हरेक राजनैतिक दलका प्रतिनिधी,गै.स.स.का प्रतिनिधी ,महिला र बालबालिका संजालका प्रतिनिधी,श्री गढीमाई मन्दिर संचालन तथा बिकास समितिका प्रतिनिधी ,उधोग वाण्ज्यि संघका प्रतिनिधी,पत्रकार महासंघ प्रतिनिधी , दलित प्रतिनिधी तथा आवश्यक्ता अनुसारका अन्य प्रतिनिधीहरु

(२) **उप समिति** : दफा ३ को उप दफा (१) बमोजिम गठीत मुल समिति वाट तोकेबमोजिमको कार्य निश्चित समयमा पुरा गर्ने उदेश्यले नगरकार्यपालिकाको सदस्यको संयोजक्तवमा आवश्यक्ता अनुसार पदाधिकारी तथा सदस्य रहनेगरी उप समितिहरु गठन गर्न सकिने छ ।

४. **सम्रक्षण समितिः** (१) दफा ३ को उप दफा (१) बमोजिम गठित मुल समिति लाई आवश्यक सर सल्लाह तथा यात्रीको सुरक्षा , खानेपानी, तथा सरसफाई , शौचालय ,एवम विश्राम र सुलभ तरिकाबाट दर्शनार्थीलाई दर्शन गराउन आवश्यक निर्देशन गर्ने देहायबमोजिमको सम्रक्षण समिति रहने छ ।

संयोजक : महागढीमाई नगरपालिकाको नगर प्रमुख

सदस्य :जिल्ला स.स.प्रतिनिधी, जिल्लाका सबै पालिकाका प्रतिनिधीहरु, जिल्ला प्रशासन कार्यालय , खानेपानि डिभिजन कार्यालय ,यातायात डिभिजन कार्यालय , जिल्ला प्रहरी कार्यालय, जिल्ला शसस्त्र प्रहरी बल , नेपाली सेना तथा नगर प्रमुखले तोकेको कार्यपालिका.सदस्यहरु

सदस्य सचिव : प्रमुख प्रशासकिय अधिकृत म.ग.न.पा.

## परिच्छेद - ३

## समितिको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

५. :मुल समितिको काम ,कर्तव्य र अधिकार

१. महागढीमाई नगरपालिका क्षेत्र भित्र लाग्ने पंच बर्षिय श्री गढीमाईको जात्रामेला संगै लाग्ने हाटवजार लगायत अन्य जात्रामेलामा सुरक्षा व्यवस्था मिलाउने र मिलाउनकालागि आवश्यक कार्यहरु गर्ने गराउने ।

२.जात्रामेला संगै लाग्ने हाटवजारमा आउने यात्रीहरुकोलागि बाटोघाटो,पाकिङ्ग, नि:शुल्क बासस्थान ,खानेपानि, शौचालय ,बिजुलि, स्वास्थ्य र सरसफाईको समुचित व्यवस्था मिलाउने ।

३.थोक तथा खुद्रा पसल र मनोरंजन सचालन र व्यवस्थापनका लागि जग्गाको व्यवस्थापन गर्ने र जात्रामेला अवधिभरीको लागि जग्गा, पसलको प्रकृतीको अधारमा जग्गाको न्युन्तम मापदण्ड तोकी प्रति हात वा फिट बहालकालागि दर भाउ तोक्ने र सोही अनुसार ठेक्का पट्टा गर्ने गराउने

४.मनोरंजन कर ,पार्किङ्ग शुल्क, बिधुत महशुल , गुदरी बजार ,भेटी वापत उठने चिराकी तथा अन्य आम्दानीको श्रोतको दरभाउ तोकी ठेक्का पट्टा गर्ने गराउने

५.दर्शनार्थीलाई पाएक पर्ने गरी दानपेटिका राख्न व्यवस्था मिलाउने ।

६.परम्परागत देखी चलिआएको भेटी स्वरुप आस्था बोकी भक्त जनवाट भेटीका लागि ल्याउने खसी ,बोका, रंगा तथा अन्य जिन्सी समानको व्यवस्था मिलाउने ।

७. आवश्यक कर्मचारी , स्वयम सेवक तथा अन्य कर्मचारीको सेवा शर्त तोकी सेवा करारमा नियुक्ति गर्ने वा कामका लगाउने तथा कर्मचारीको पारिश्रमिक मुल समितिले तोकेबमोजिम हुनेछ ।

८..सेवा केन्द्र : महागढीमाई नगरपालिका भित्र रहेका अस्पताल वा अन्य सरकारी कार्यालयहरुको भवन प्रयोग गरी आवश्यक सेवा केन्द्रहरु जात्रामेलाअवधी भरी संचालन गर्ने वा गर्न लागाउने ।

९.प्रचलित परम्परा अनुसार श्री गढीमई माई,काँटवासी माई, रमनाकामना माई, छठीमाई ,महाविरिजी,शिव पार्वती, भैरव बाबा,लगायत नगरपालिका स्थित सम्पूर्ण देबी देवताको पुजा पाठ गर्न आवश्यक व्यवस्था मिलाउने ।

११.मन्दिर तथा अन्य धार्मिक स्थलमा चढाएको भेटी , दान दक्षिणाको सुरक्षा गर्न समुचित व्यवस्था मिलाउने र जात्रामेला पश्चात नगरपालिको निर्णय बमोजम गर्ने ।

१२.जेष्ठ नागरिक,महिला,बालबालिका र भिन्न क्षमताभएको अशक्तलाई शिघ्र दर्शन गर्न आवश्यक व्यवस्था मिलाउने ।

११.जात्रामेला क्षेत्र भित्र कुनै किसिमको मनोरंजनात्मक कार्य वा अन्य कार्यक्रम गर्न नगरपालिकाको सहमतिमा नियमानुसार अनुमति दिने र सो वापत शुल्क निर्धारण गरी असुल गर्ने ।

१२.आवश्यक्ता अनुसार उप समिति गठन गरी कार्यको जिम्मेवारी तोक्ने ।

१३.जुता चपल राख्न व्यवस्था मिलाउने ।

१४.जात्रामेला भव्य सभ्य व्यवस्थित बनाउनकालागि सम्बन्धीत सरोकारवालाहरु संग सम्पर्क र सम्नवय गर्ने ।

१५. हराएको मानिसहरुको खाज तलाश गर्नका लागि सुचना सर्म्पक कार्यालय स्थापना गर्ने ।

१६.अन्य आवश्यक कार्य गर्ने ।

**६. उप समितिको कम कर्तव्य र अधिकार:**

मुल समितिबाट तयार पारेको कार्ययोजना अनुरुप जिम्मेवारी बहन गर्ने ।

## परिच्छेद ४

## भेटी सम्बन्धी व्यवस्था :

**७. भेटी तथा दानको व्यवस्थापन :**(१.) जात्रामेलामा चढाईएको भेटी तथा दान मध्ये नगदको हकमा समितिले नगरपालिका संग समन्वय गरी नगरपालिकाको मुल संचित बैंक खातामा जम्मा गर्नुपर्नेछ र अन्य जिन्सी र उपहारको हकमा सोको अभिलेख राखी पारर्दशी रुपले परिचालन वा व्यवस्थापन गर्नुपर्ने छ ।

(२.) उपदफा (१) बमोजिमको रकम ,द्रव्य वा जिन्सी नगरकार्यपालिकाको निर्णय अनुसार जुन मन्दिर जात्रामेला बाट प्रप्त भएको हो सोही मन्दिर प्रांगनमा आवश्यक्ता अनुसारको भौतिक पुर्वाधार वा अन्य विकास निर्माणका सामाजिक कार्यमा खर्च गर्नुपर्ने छ ।

३. कुनै व्यक्तिले मन्दिरमा सुन,चाँदी जस्ता बहुमुल्य धातु र त्यस्ता धातुले बनेका सामान वा भाडा कुडा वा वस्त्र लागाएत अन्य जिन्सी सामान चढाउन चाहेमा मुल समितिमा दार्ता गरेरमात्र चढानुपर्ने छ र त्यसरी चढाउने व्यक्तिलाई समितिबाट सोको अभिलेख राखी रसिद सम्बन्धीत व्यक्तिलाई दिनुपर्ने छ ।

(४) मुल समितिले जग्गा वहालको ठेक्कापट्टा वापत प्राप्त गरेको रकम , मनोरंजन कर बाट प्राप्त रकम, पार्किङ्ग बाट प्रप्त रकम तथा अन्य कुनै श्रोतबाट प्रप्त भएको रकम मुल समितिको खातामा जामा गर्ने र ठेक्का स्वीकृत भएको सात दिन भित्र मुल समितिले महागढीमाई नगरपालिकाको मुल संचित कोष खातामा जम्मा गर्नु पर्नेछ र मुलसमितिबाट कार्ययोजना अनुसार माग गरिएको रकम महागढीमाई नगरपालिकाले मुल समितिको खातामा पेश्की वा भुक्तानी पठाउने छ ।

## परिच्छेद ५

## पसल र मनोरंजन व्यवस्थापन

**८. पुजा सामाग्री बिक्री पसल र मनोरंजन सम्बन्धी व्यपार गर्न अनुमति लिनुपर्ने** :(१) श्री महागढीमाई क्षेत्र भित्र लाग्ने जात्रामेलामा पुजा सामग्री , कुनैकिसिमको पसल वा मनोरंजनात्मक कार्यको व्यपारगर्न

चाहने कुनै व्यक्ति वा संस्थाले जात्रामेला मुल समिति संग अनुमति लिन निबेदन दिनुपर्ने छ ।

२. उप दफा (१) बमेजिम अनुमतिका लागि निबेदन प्रप्त भएमा मुल समितिले छनबिन गरी उपयुक्त देखेमा आवश्यक शर्त सहित शुल्क वा बहाल तोकी पसल वा मनोरंजन राख्न अनुमति दिनसक्ने छ ।

३. निःशुल्क स्वास्थ्य शिविर वा मान्छेहरायको खोज तलाश गर्नेमा सहयोग गर्ने संघ संस्थाको शिविरकालागि शुल्क लाग्ने छैन ।

**९. अनुगमन र निषेध सम्बन्धी व्यवस्था** (क):मुल समितिले जात्रामेला स्थल भित्र हुने कुनै व्यपार व्यवसाय गर्नको लागि समितिबाट अनुमति लिई गरिएको छ वा छैन भन्ने सम्बन्धमा नियमित अनुगमन गर्न सक्ने छ ।

(ख) उप दफा (क) बमोजिम मुलसमितिले अनुगमन गर्दा अनुमति पत्र प्राप्त नगरी वा समितिले तोकेको शर्त बिपरित हुनेगरी कुनै कार्य भएको पाईएमा त्यस्ता कार्यलाई निषेधगर्न सक्ने छ ।

(ग) जात्रामेला हाटबजार क्षेत्रभित्र अनुमतिबाहेकको कार्यगर्नपाईने छैन ।

(घ) सम्वन्धीत सरोकारवाला सरकारी वा गैरसरकारी संघ सस्थाहरुले जात्रामेला हाटबजारको अनुगमन गरी मुल समितिलाई सल्लाह सुझाव दिन सक्ने छन्

## परिच्छेद ६

## जग्गा तथा मनोरंजन र अन्य कर सम्बन्धी व्यवस्था

**१०. जग्गा तथा मनोरंजन करको व्यवस्था** :(१) श्री महागढीमाई नगरपालिका क्षेत्र भित्र लाग्ने पंच वर्षिय गढीमाई जात्रामेला वा अन्य कुनै जात्रामेलामा पसल तथा अन्य व्यवसाय गर्नकालागि तयस्ता व्यापारीहरुलाई मेला मुल समितिले जग्गा उपलब्ध गराएवापत तोकिय बमोजिमको शुल्क लिनपाउने छ ।
२. नगरपालिका बाट बिनियोजित रकम नगरपालिकाले तयार पारेको कार्ययोजना अनुसार जात्रामेला संचालन तथा व्यवस्थापन गर्नका लाागि जात्रामेला मुल समितिको माग अनुसार जात्रामेला मुल समितिको खातामा पेश्की वा खर्च भुक्तानी वा अनुदान पठाउन सकनेछ ।
४.दफा १० को उप दफा (२) अनुसार मेला मुल समितिको खातामा प्रप्त आम्दानी बाट मेला संचालन तथा व्यवस्थापनका लागि भए गरेको खर्च लेखा समिति बाट रुजु तथा मुल समितिबाट पारित गराई फर फराकको लागि नगरपालिकामा पेश गर्नुपर्ने छ ।

## परिच्छेद ७

## अध्यक्ष ,उपाध्यक्ष,महासचिव , सचिव,कोषध्यक्ष ,सदस्य र उपसमितिको काम कर्तव्य र अधिकार सम्बनधी व्यवस्था

**११. अध्यक्षको काम कर्तव्य र अधिकार :(१) अध्यक्षको कम कर्तव्य र अधिकार देहायबमोजिम हुने छ**

(१) समितिको बैठक बालाउने र अध्यक्षता गर्ने

(२) बैठकमा बैठकको कार्यसुच तथा प्रस्ताव पेश गर्ने

(३) समितिको दैनिक काम काज सामान्य रेखदेख गर्ने

(४) नगरपालिका र अन्य निकाय संग समन्वय गर्ने

(५) निर्णय कार्यन्यवन गर्ने उपाध्यक्ष, महासचिव,सचिव र कोषध्यक्ष तथा मतहतको कर्मचारीलाई निर्देश गर्ने

**(२) उपाध्यक्षको काम कर्तव्य र अधिकार :**

अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्नुपर्ने सम्पुर्ण कार्य गर्ने

**(३) महासचिवको काम कर्तव्य र अधिकार**

(१)अध्यक्षको आदेशानुसार बैठक बोलाउने

(२) अध्यक्षवाट तयार पारेको कार्ययोजना बैठकमा प्रस्तुत गर्ने

(३) माईन्ट तयार गर्ने

(४) निर्णय कार्यन्यवन गर्न पहल गर्ने

(५)माईनट बुक को संम्रक्षण गर्ने

**(४) सचिवको कम कर्तव्य र अधिकार**

महासचिवको अनुपस्थितीमा महासचिवले गर्नुपर्ने सम्पुर्ण कार्य गर्ने र समितिले तोकेको अन्य कार्यगर्ने

**(५) कोषाध्यक्षको कम कर्तव्य र अधिकारः**

कोषको सुरक्षा गर्ने

समितिको निर्णय अनुसार खर्च गर्ने र त्यसको अभिलेख राख्ने

खर्चको हिसाब किताब चुस्त दुरुष्त राख्ने

हिसाबकिताको प्रतिवेदन तयार गरी समितिको बैठकमा प्रस्तुत गर्ने

**(६). सदस्यको कम कर्तव्य र अधिकारः**

१.बैठकमा भाग लिने

२.प्रस्ताहरुमाथी छलफल गरी निर्णय गर्न सहयोग गर्ने

३.समयमा बैठक बोलाउन अध्यक्षलाई आग्रह गर्ने

४.समितिले तोकेको अन्य कार्य गर्ने

## परिच्छेद ८

## बिबिध

**१२. लेखा समिति :** जात्रामेला समितिबाट जात्रामेला संचालन तथा व्यवस्थापन गर्नमा भएगरेको खर्चको हिसाव किताब रुजुगरी नगरकार्यपालिकामा अनुमोदनका लागि पेशगर्न नगरकार्यपालिकाले तोकेको देहाएवमोजिमको लेखा समिति रहने छ ।

संयोजक : नगरकार्यपालिकाले तोकेको मुल समिति सदस्य मध्ये १ जना

सदस्यः नगरकार्यपालिकाले तोकेको व्यक्ति

सदस्यः नगरकार्यपालिकाले तोकेको व्यक्ति

**१३. सार्वजनीक लेखा परिक्षण गर्ने :** श्री महागढीमाई नगरपालिका क्षेत्र भित्र लाग्ने जात्रामेला संचालन तथा व्यवस्थापन गर्नमा भए गरेको खर्च लेखा समिति वाट रुजुभई मुल समितिबाट पारित भई सकेपछि मुल समतिले आम भेला गराई खर्चको सार्वजनिक लेखा परिक्षण गराउनुपर्ने छ ।

**१४. खाता सम्बन्धी व्यवस्था** :जात्रामेला संचालन तथा व्यवस्थापन गर्न आर्थिक अनियमिततालाई निरुतसाहित गर्न नगरपालिकाको सिफारिसमा जात्रामेला मुल समितिको अध्यक्ष ,महासचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षर वाट जात्रामेला मुल समितिको खाता संचालन गरिने छ ।

**१५. श्री गढीमाई पंच बर्षिय जात्रामेलालाई पर्यटकिय क्षेत्रको रुपमा बिकास सम्बनधी व्यवस्था** : महागढीमाई नगरपालिका स्थित श्री गढीमाई पंच बर्षिय जात्रामेलालाई पर्यटकीय स्थलको रुपमा बिकास गर्नकालागि महागढीमाई नगरपालिकाको नगर सभाबाट श्री गढीमाई जात्रामेलालाई पर्यटकीय स्थल घोषणा गरिसकेको हुदा यस क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा घोषणा गराउनका लागि सबै स्थानीय तह

लगायत प्रदेश सरकार , संघीय सरकारमा पहलगर्ने नगरकार्यपालिका अग्रसर रहने साथै अन्य सरकारी, गैर सरकारी तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु संग समन्वय र सर्म्पक गरी आवश्यक सहयोग जुटाउन साथै श्री गढीमाईलाई विकास कोषको रुपमा स्थापना गर्न नगर कार्यपालिकाले पहल गर्ने छ ।

१६. यस कार्यबिधिमा उलेख नभएको कुराहरुको हकमा महागढीमाई नगरपालिकाले दिईएको निर्देशन तथा नेपाल कानुन बमोजिम हुने छ ।

| | |
|---|---|
| अभिलेख तयार गर्नेको | अभिलेख जाँचगर्नेको |
| दस्तखत | दस्तखत |
| नाम : | नामः गणनायक ठाकुर |
| पद: | पद: सहायक प्रा पाँचौं |
| मिति | मितिः |

नगर कार्यपालिकाको मिति २०७६।३।१८ र नगर सभाको मिति २०७६।३।२९ को निर्णयानुसार

आज्ञाले

दस्तखत

नाम : शालिकराम ढकाल

पद :प्रमुख प्रशासकीय अधिकृत

महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय कलैया, बारा २ नं. प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत